# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०७९/०८०                                                    कोशी प्रदेश नेपाल

च.नं. ३०६९                                                    मितिः २०८०/ ०२/२५

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
श्री सबै सामुदायिक सिकाइ केन्द्रहरु,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

विषय : IEMIS सम्बन्धी अभिमुखीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखाको च.नं. ८५, मिति २०८०/०१/२० को पत्र तथा च.नं. ५१ (शै.सू.व्य.), मिति २०८०/०२/१४ को पत्रानुसार यस नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुलाई शै.स. २०८० मा IEMIS अद्यावधिक गर्ने सम्बन्धी नयाँ भर्सनको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम शिक्षा शाखाको आयोजनामा तपसिलको मिति, स्थान र समयमा हुने भएकोले प्रत्येक विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रबाट IEMIS सम्बन्धी काम गर्ने **प्र.अ.वा शिक्षक वा कर्मचारी वा कम्प्युटर अपरेटर मध्ये प्रति संस्था १ (एक)** जना सम्भव भएसम्म १ (एक) थान ल्यापटप सहित तोकिएको मिति, समय र स्थानमा अनिवार्य उपस्थित गराइदिनुहुन अनुरोध छ । तोकिएको कार्यक्रममा सहभागी नपठाउने तथा शाखाले तोकेको समय (मिति २०८०/०३/०७) गतेभित्र IEMIS मा विवरण अद्यावधिक नगरेको कारण विद्यालय तथा विद्यार्थी सेवा सुविधाबाट बञ्चित हुन गएमा सम्बन्धित प्र.अ.नै जिम्मेवार हुनुपर्ने बेहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल :**

मिति : २०८०/०२/२८ र २९ गते
स्थान : सगरमाथा जनता मावि ओखलढुङ्गा
समय : बिहान १०:३० बजेदेखि

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

**श्री सगरमाथा जनता मावि ओखलढुङ्गा** :
६० जना सहभागिका लागि कम्तिमा दुईवटा कोठाको व्यवस्था मिलाइदिनुहुन ।
**श्री सूचना तथा प्रविधि शाखा** : पत्र वेव साइटमा अपलोड गरिदिनुहुन ।

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np